आज मिति २०८३ श्रावण ०७ गते दिउँसो १:०० बजे भेरीगंगा नगर कार्यपालिकाको १०६ औं बैठक नगर प्रमुख श्री यज्ञप्रसाद ढकाल ज्यूको अध्यक्षतामा भेरीगंगा नगरपालिकाको बैठक कक्षमा तपसिल बमोजिमको उपस्थितिमा बसी देहायबमोजिमका निर्णयहरु पारित गरियो ।

**उपस्थिति :**

| | | |
|---|---|---|
| श्री यज्ञप्रसाद ढकाल | नगरप्रमुख | अध्यक्ष |
| श्री धनसरा बोहरा | उपप्रमुख | सदस्य |
| श्री दिनेश पुलामी मगर | वडा अध्यक्ष वडा नं. १ | सदस्य |
| श्री चिरन्जिवी बुढा | वडा अध्यक्ष वडा नं. २ | सदस्य |
| श्री जितबहादुर सुनार | वडा अध्यक्ष वडा नं. ३ | सदस्य |
| श्री गंगाबहादुर खत्री | वडा अध्यक्ष वडा नं. ४ | सदस्य |
| श्री प्रेमबहादुर सारु मगर | वडा अध्यक्ष वडा नं. ५ | सदस्य |
| श्री लालसिं बुढा क्षेत्री | वडा अध्यक्ष वडा नं. ६ | सदस्य |
| श्री कर्णबहादुर मिजार | वडा अध्यक्ष वडा नं. ७ | सदस्य |
| श्री पुसे कामी | वडा अध्यक्ष वडा नं. ८ | सदस्य |
| श्री ईश्वर पोखरेल | का.वा.वडा अध्यक्ष वडा नं. ९ | सदस्य |
| श्री विरबहादुर बस्नेत | वडा अध्यक्ष वडा नं. १० | सदस्य |
| श्री जयबहादुर नेपाली | वडा अध्यक्ष वडा नं. ११ | सदस्य |
| श्री रामबहादुर डाँगी | वडा अध्यक्ष वडा नं. १२ | सदस्य |
| श्री गणेश बहादुर भण्डारी | वडा अध्यक्ष वडा नं. १३ | सदस्य |
| श्री शेरबहादुर कामी | कार्यपालिका सदस्य | सदस्य |
| श्री सहविर महर | कार्यपालिका सदस्य | सदस्य |
| श्री पवित्रा घर्ती | कार्यपालिका सदस्य | सदस्य |
| श्री गौमाया खत्री | कार्यपालिका सदस्य | सदस्य |
| श्री खगीसरा पुन मगर | कार्यपालिका सदस्य | सदस्य |
| श्री मानसिं परियार | कार्यपालिका सदस्य | सदस्य |
| श्री अमृता वि.सी. बिष्ट | कार्यपालिका सदस्य | सदस्य |
| श्री ओविसरा बस्याल | कार्यपालिका सदस्य | सदस्य |
| श्री मान बहादुर ठाडा | नि.प्रमुख प्रशासकीय अधिकृत | सचिव |

**सहयोगी कर्मचारीहरु :**

| | |
|---|---|
| श्री सीता थापा | शाखा अधिकृत |
| श्री तिलविर पुनमगर | प्रशासन सहायक |
| श्री धनसरा सुनार | कार्यालय सहयोगी |

CamScanner

| क्र. सं. | बैठकका एजेण्डाहरु |
|---|---|
| १. | स्थानीय दररेट निर्धारण सम्बन्धमा। |
| २. | बार्षिक खरिद योजना सम्बन्धमा। |
| ३. | नदीजन्य पदार्थको IEE सम्बन्धमा। |
| ४. | ठेक्का लगायतका निर्माण कार्य प्रारम्भ सम्बन्धमा। |
| ५. | विविध सम्बन्धमा। |

**मिति २०८३।०४।०७ गतेको १०६ औं नगर कार्यपालिका बैठकमा भएका निर्णयहरुः**

**प्रस्ताव नं. १: स्थानीय दररेट निर्धारण सम्बन्धमा।**

**निर्णय नं. १ :** प्रस्ताव नं. १ माथि छलफल गर्दा यस भेरीगंगा नगरपालिकाको आ व २०८३।०८४ का लागि स्थानीय दररेट निर्धारण गर्ने सम्बन्धमा सुर्खेत जिल्लाको आ. व. २०८३।०८४ का लागि स्वीकृत भएको जिल्ला दररेटलाई नै यस नगरपालिकामा पनि स्वीकृत गरी कार्यान्वयन गर्ने निर्णय गरियो साथै ढुवानी भाडाको सन्दर्भमा निर्माण स्थल र सामग्री पाइने स्थानको दुरीका आधारमा प्राविधिक विश्लेषण गरी ढुवानी ज्याला निर्धारण गर्ने निर्णय सर्वसम्मतीले पारित गरियो।

**प्रस्ताव नं. २ : बार्षिक खरिद योजना सम्बन्धमा।**

**निर्णय नं. २ :** प्रस्ताव नं. २ माथि छलफल गर्दा यस भेरीगंगा नगरपालिकाको आव २०८३।०८४ सालका लागि नगर कार्यपालिका बैठकमा पेश गरिएको नगरपालिकाको बार्षिक खरिद योजनाको मस्यौदाउपर व्यापक रुपमा छलफल गरियो साथै तपसिल अनुसारको मापदण्ड अनुसार खरिद योजना कार्यान्वयन गर्ने गरी यस नगरपालिकाको बार्षिक खरिद योजना स्वीकृत गर्ने निर्णय सर्वसम्मतीले पारित गरियो।

**तपसिलः**

१. रु १० लाखसम्मका योजनाहरु उपभोक्ता समितिबाट काम गराउने।
२. बाटो सफाईका योजनाहरु उपभोक्ता समितिबाट काम गराउने।
३. मध्यवर्ती क्षेत्रका योजनाहरु उपभोक्ता समितिबाट काम गराउने।
४. श्रावण महिना भित्र सबै योजनाहरुको सर्वे, डिजाइन र इस्टमेट गरि सक्ने।
५. २०८३ भाद्र पहिलो हप्ता भित्र बोलपत्र आव्हान र उपभोक्ता समिति गठन तथा समितिलाई तालिम दिइसक्ने।
६. २०८३ भाद्र दोस्रो हप्ता देखि विभिन्न योजनाका काम तथा कार्यक्रमहरु सुरु गर्ने।
७. २०८३ माघ मसान्त भित्र सबै योजनाहरुको निर्माण कार्य सक्ने र २०८३ फागुन मसान्त भित्र भुक्तानी दिइसक्ने।

**प्रस्ताव नं. ३ : नदीजन्य पदार्थको IEE सम्बन्धमा।**

**निर्णय नं. ३ :** यस भेरीगंगा नगरपालिकाको आ व २०८३।०८४ का लागि नगरपालिका क्षेत्रभित्र रहेका नदीजन्य पदार्थ (ढुङ्गा, गिट्टी, बालुवा लगायत) को उत्खनन् तथा बिक्रिवितरण गर्ने कार्यका लागि प्रारम्भिक वातावरणीय प्रभाव मूल्याङ्कन (IEE) गर्न बोलपत्र आव्हान गर्ने र सोका लागि आवश्यक प्रकृया अगाडी बढाउने निर्णय सर्वसम्मतीले पारित गरियो।

CamScanner

**प्रस्ताव नं. ४: ठेक्का लगायतका निर्माण कार्य प्रारम्भ गर्ने सम्बन्धमा ।**

**निर्णय नं. ४ :** यस भेरीगंगा नगरपालिकाको आर्थिक वर्ष २०८३/०८४ मा कार्यान्वयन हुने विभिन्न योजनाको ठेक्का, उपभोक्तासंग सम्झौता तथा बिभिन्न कार्यक्रम लगायतका कार्यहरुको प्रकृया सुरु गर्ने निर्णय सर्वसम्मतीले पारित गरियो ।

**प्रस्ताव नं. ५: विविध सम्बन्धमा ।**

**निर्णय नं. ५ (क) :** यस भेरीगंगा नगरपालिका क्षेत्र भित्रको आव २०८२।०८३ को नदीजन्य पदार्थहरुको संकलन, विक्रिवितरण भई आव को अन्त्यमा मौज्दात प्रमाणित गर्ने सम्बन्धमा हालसम्म पनि मौज्दात बारे कार्यपालिकालाई जानकारी नभएकोले ३ तीन दिन भित्र उक्त नदीजन्य पदार्थको मौज्दात प्रमाणित लगायतको प्रतिवेदन पेश गर्न प्रमुख प्रशासकीय अधिकृत मार्फत पूर्वाधार विकास शाखा प्रमुखलाई निर्देशन दिने निर्णय सर्वसम्मतीले पारित गरियो ।

**निर्णय नं. ५ (ख) :** भूमिहीन दलित, भूमिहीन सकुम्बासी र अव्यवस्थित बसोबासीको लगत संकलन सम्बन्धी कार्यविधि २०८३, बमोजिम भेरीगंगा नगरपालिका भित्रको भूमि सम्बन्धी समस्या समाधान गर्न उक्त कार्यविधिको दफा ४(१) बमोजिम भूमिहीन दलित, भूमिहीन सकुम्बासी र अव्यवस्थित बसोबासीको पहिचान, लगत संकलन, प्रमाणिकरण तथा नापनक्सा लगायतका कार्यमा सहयोग र सहजीकरण गर्नका लागि यस नगरपालिकामा देहायबमोजिमको नगरस्तरीय भूमि समस्या सहजीकरण समिति गठन गर्ने र भूमि सम्बन्धि कार्य प्रारंभ गर्ने निर्णय सर्बसम्मतीले पारित गरियो ।

**तपसिलः**

१. नगर प्रमुख – संयोजक
२. नगर उपप्रमुख – उपसंयोजक
३. यस नगरपालिकाभित्र क्रियाशिल रहेका राष्ट्रिय मान्यता प्राप्त राजनीतिक दलका प्रतिनिधिहरु १।१ जना - सदस्य
४. कार्यपालिका सदस्य मध्येबाट दलित प्रतिनिधि श्री कर्णबहादुर मिजार
५. कार्यपालिका सदस्य मध्येबाट महिला प्रतिनिधि श्री अमृता बिसी बिष्ट
६. प्रमुख प्रशासकीय अधिकृत – सदस्य सचिव

**निर्णय नं. ५ (ग) :** यस भेरिगंगा नगरपालिका अन्तर्गतका ठेक्का सम्झौता गरि संचालनमा रहेका तपसिलबमोजिमका योजनाहरुको सम्झौता अवधि सकिएको र निर्माण कार्यसमेत बाँकी रहेकोले कारणसहित म्याद थपका लागि निबेदन पेश भई आएकोले तपशिल अनुसारका योजनाहरुको म्याद थप गर्ने निर्णय सर्वसम्मतिले पारित गरियो ।

**तपसिल**

| सं. | योजनाको नाम | निर्माण व्यवसायी | सम्झौता मिति | सम्झौता अवधि | म्याद थप अवधि |
|---|---|---|---|---|---|
| | छिन्चु बसपार्क निर्माण, भेरीगंगा १२ | ग्रान्ड डिजाईन एण्ड कन्स्ट्रक्सन प्रालि., नेपालगंज | २०७९/०३/३० | २०८३/०३/३० | २०८३/०९/३० |
| | सामुदायिक मावि सनिमोर भवन निर्माण, भेरीगंगा २ | शिवराज मल्ल कन्ट्रक्सन, छायाँनाथ रारा १, मुगु | २०८२/०७/२० | २०८३/०३/३० | २०८३/०९/३० |
| | नेराआवि मुरलीखोला भवन निर्माण, भेरीगंगा ४ | शिवराज मल्ल कन्ट्रक्सन, छायाँनाथ रारा १, मुगु | २०८२/०७/२० | २०८३/०३/३० | २०८३/०९/३० |

CamScanner

**निर्णय नं. ५ (घ) :** यस भेरीगंगा नगरपालिकाको प्रशासन शाखामा कार्यरत स्थायी कर्मचारी प्रशासन शाखा प्रमुख शाखा अधिकृत सातौं श्री सीता थापाले बरिष्ठ शाखा अधिकृत आठौं तहमा स्तरवृद्धिका लागि निवेदन सहित फायल पेश गरी प्रस्ताव गरिएकोमा निजको कर्णाली प्रदेश स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन,२०८१ ले तोकेबमोजिम सेवा अवधि, कार्यसम्पादन मूल्याङ्कन, भौगोलिक क्षेत्रमा कार्यअनुभव, शैक्षिक योग्यता लगायतका मापदण्ड पूरा भएको पाइएकोले निजलाई कर्णाली प्रदेश स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन,२०८१ को दफा २६ को उपदफा १ र २ बमोजिम २०८३ श्रावण १ गते देखि जेष्ठता कायम हुने गरी यस नगरपालिकाको नगरकार्यपालिका बैठकबाट साविक शाखा अधिकृत सातौं तहबाट बरिष्ठ शाखा अधिकृत आठौं तहमा स्तरवृद्धि गर्ने निर्णय सर्वसम्मतिले पारित गरियो ।

**निर्णय नं. ५ (ङ) :** यस भेरीगंगा नगरपालिकाको कृषि विकास शाखाको कृषि अधिकृत छैठौं पदमा कार्यरत स्थायी कर्मचारी श्री भिमकुमारी अधिकारीले B.Sc.Ag. अध्ययनका लागि अध्ययन विदाको पूर्व स्वीकृतिको निवेदन पेश भए अनुसार निजलाई अध्ययन विदाको लागि पूर्व स्वीकृति दिने निर्णय सर्वसम्मतिले पारित गरियो ।